आज मिति २०७९।०९।२२ गते शुक्रवारको दिन विहान ८ बजे बाणगंगा नगरपालिका नगर कार्यपालिको बैठक नगर प्रमुख श्री चक्रपाणी अर्यालको अध्यक्षतामा निम्नानुसारका प्रस्तावहरुमाथी छलफल गरी निर्णय गर्न तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

## नगर कार्यपालिकाको आ.व.०७९।८० को छैठौं बैठक २०७९।०९।२२ का प्रस्ताव तथा कार्यसूची

प्रस्ताव नं. ६.१ बाणगङ्गा नगरपालिकाको १२औं नगर सभा सम्बन्धमा

प्रस्ताव नं. ६.२ संघीय समपूरक र विशेष योजना माग सम्बन्धमा।

प्रस्ताव नं. ६.३ चालु आर्थिक वर्ष २०७९।०८०को स्वीकृत वार्षिक कार्यक्रमका योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा।

प्रस्ताव नं. ६.४ ऐन कानूनको तर्जुमा र संसोधन सम्बन्धमा।

प्रस्ताव नं. ६.५ ब्रह्मा कुमारी ईश्वरीय विश्व विद्यालय (ओम शान्ती) को भवन सम्बन्धमा।

प्रस्ताव नं. ६.५ बसपार्कको जग्गा छनौट र IEE गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६.६ विपद व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. ६.७ TOR स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६.८ वडा कार्यालयहरुको भवन निर्माण सम्बन्धमा।

प्रस्ताव नं. ६.९ झोलुङ्गे पुलहरुको योजना छनौट सम्बन्धमा।

प्रस्ताव नं. ६.१० माघि महोत्सवको लागि रकम उपलब्ध गराउने।

प्रस्ताव नं. ६.११ भू उपयोग योजना निर्माण सम्बन्धमा।

प्रस्ताव नं. ६.१२ योजनाको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ६.१३ विविध

*मिति: २०७९।०९।२२, बाणगङ्गा नगरपालिका आ.व.०७९।८० को कार्यपालिका वैठक संख्या:६*

**प्रस्ताव नं ६.१ बाणगङ्गा नगरपालिकाको १२औं नगर सभा सम्बन्धमा**

**निर्णय:** बाणगङ्गा नगरपालिकाको १२औं नगरसभा यही २०७९ पुष २९ गते शुक्रबारको दिन दिनको १:०० बजे नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने र हालसम्मको विषयगत क्षेत्रको अर्धवार्षिक समिक्षा सम्बन्धित विषयगत समितको बैठक बसी छलफल तथा निर्णय गरी २०७९ पुष २८ गते हुने कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.२ संघीय समपूरक र विशेष योजना माग सम्बन्धमा ।**

**निर्णय:** बाणगङ्गा नगरपालिकाको आ.व.२०८०।०८१ को लागि संघीय समपूरक र विशेष योजनाको लागि निम्नानुसारका योजनाहरु सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

विशेष योजना तर्फ

| क्रम संख्या | योजना | वडा नं. | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मणघाट मा.वि.को भवन निर्माण | ६ | १ करोड | |
| २ | कामता मा.वि. करेलियाको भवन निर्माण | ११ | १ करोड | |
| ३ | हेमराज मा.वि. हथौसाको भवन निर्माण | ११ | १ करोड | |
| ४ | वडा नं. ६ को वडा कार्यालय सौन्दर्यीकरण | ६ | ५० लाख | |
| ५ | वडा नं. ५ को पोखरी सौन्दर्यीकरण | ५ | ५० लाख | |
| ६ | खारखानी पिकनिक स्पोर्ट थप संरचना निर्माण | ७ | १ करोड | |

समपूरक योजना तर्फ

| क्रम संख्या | योजना | वडा नं. | अनुमानित कूल लागत | संघीय अनुदान | स्थानीय सहभागीता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वैदौली-कोपवा-मैरी-देउवापार वडा नं. ५ र ३ जोड्ने सडक कालोपत्रे | ३ र ५ | १ करोड ५० लाख | ७५ लाख | ७५ लाख | |
| २ | घेरवा बनगाई - मोतिपुर - कपिलधाम सडक कालोपत्रे | ७ | १ करोड ५० लाख | ७५ लाख | ७५ लाख | |
| ३ | मिलनचोक देखि विरपुर हुँदै बनकट्टी जोड्ने सडक | १० | १ करोड ५० लाख | ७५ लाख | ७५ लाख | |
| ४ | राजापानी देखि वडा नं. ३ को प्रशासनिक कार्यालय जोड्ने सडस | ३ | १ करोड ५० लाख | ७५ लाख | ७५ लाख | |

**प्रस्ताव नं. ६.३ चालु आर्थिक वर्ष २०७९।०८०को स्वीकृत वार्षिक कार्यक्रमका योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा ।**

**निर्णय:** चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पादन हुन नसक्ने योजना तथा कार्यक्रमहरु संसोधन गर्न सबै वडाहरुले २०७९ पुष २७ गते सम्म प्रमाणित गरी आगामी कार्यपालिकामा पेश गर्ने गरी योजना शाखामा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.४ ऐन कानूनको तर्जुमा र संसोधन सम्बन्धमा।**

**निर्णयः** नगर सभा, कार्यपालिका, कार्यालय तथा शाखाहरुलाई आन्तरी प्रशासन सञ्चालन, योजना तथा कार्यक्रम कार्यान्वयनको विषयमा आवश्यक पर्ने ऐन कानूनहरु तर्जुमा गर्न ड्राफ्ट तयार गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६.५ ब्रह्मा कुमारी ईश्वरीय विश्व विद्यालय (ओम शान्ती) को भवन सम्बन्धमा।**

**निर्णयः** संघीय सरकारबाट हस्तान्तरित (शसर्त अनुदान) तर्फ ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र जीतपुर शाखाको भवन निर्माणको लागि बिनियोजन भएको रु.१करोड बजेट रकमबाट भवन निर्माणको प्रकृया अगाडी बढाउन उक्त संस्थाको आफ्नो नाउँमा जग्गा नभएको तर आफ्नो नाउँमा आउने प्रकृयामा रहेकोले तपसिलअनुसारको जग्गामा भवन निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो।

तपसिल

| ठेगाना | कि.नं. | क्षेत्रफल | जग्गाधनि | कैफियत |
|---|---|---|---|---|
| बाणगङ्गा ८ङ | २५८<br>२६४ | ०-०-४<br>०-१-० | झबिलाल अधिकारीको नाती बालानन्द अधिकारीको छोरा चुरामणी अधिकारी (ना.प्र.नं.४१७।०३७।३८।१३५७) | २०७९ कार्तिक २२ गतेको बयाना पत्रानुसार |
| बाणगङ्गा ८ङ | १८२ | ०-०-१० | लिलाम्बरको बुहारी, माधव पाण्डेको श्रीमती श्री कुशुम किरण पाण्डे (ना.प्र.नं.१०७०५) | २०७९ मंसिर ६ गतेको बयाना पत्रानुसार |
| बाणगङ्गा ८ङ | १८१ | ०-१-११ | सुकबहादुर गुरुङको बुहारी नारायण बहादुर गुरूङको श्रीमती टिमकला गुरुङ (ना.प्र.नं.२७७६।५६३।३२०६) | बयाना पत्रानुसार |

**प्रस्ताव नं.६.५ बसपार्कको जग्गा छनौट र IEE गर्ने सम्बन्धमा।**

**निर्णयः** यस नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको बसपार्क निर्माणको लागि पूर्व पश्चिम राजमार्गको दक्षिणपट्टी, बुङ्चीदेखि मधौली तर्फ जाने सडकको पश्चिमपट्टी र बाणगङ्गा नदीको पूर्वपट्टी रहेको मधौलिया सामुदायिक बनको करीब ४.८ हेक्टर क्षेत्रफल बसपार्कको लागि प्रयोग गर्न सामुदायिक वनसंग सहमती माग गर्ने र प्रारम्भिक वातावरणीय परीक्षणको प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६.६ विपद व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** हालका दिनमा बढ्दै गईरहेको शितलहरका कारण हुनसक्ने मानवीय क्षेती न्यूनिकरण गर्न विपद् व्यवस्थापनको लागि बजेट विनियोजन गरेका वडाहरुले तत्काल न्यानो कपडाको व्यवस्थापन गर्ने र सम्बन्धित वडाका सामुदायिक वनहरुसंग समन्वय गरी चोकचोकमा दाउरा बाल्न व्यवस्थापन मिलाउने साथै कुनै विपद आईपरेमा वा आउन सक्ने भएमा तुरुन्त नगर स्तरीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६.७ TOR स्वीकृत गर्ने सम्बन्धमा।**

**निर्णयः** यस बाणगङ्गा नगरपालिका क्षेत्रका सबै घरधुरीहरुमा मेट्रिक सिस्टमबाट सडक गुरुयोजनाको आधारमा घर नम्बरिङ कार्यको विद्युतीय प्रणालीबाट ठेक्का निकाल्नको लागि भवन तथा शहरी विकास शाखाबाट पेश गरेको सन्दर्भ सर्तहरु (TOR) स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.८ वडा कार्यालयहरुको भवन निर्माण सम्बन्धमा।

**निर्णयः** वडा नं. १ को भवन निर्माण कार्यको ल.ई. रकम रु.१,३८,०९,१४०।- (अक्षेरुपीः एक करोड अठतीस लाख नौ हजार एकसय चालीस) र वडा नं. ५ को भवन निर्माण कार्य ल.ई. रकम रु. १,४९,०२,९२९।६८ (अक्षेरुपीः एक करोड उनान्पचास लाख दुई हजार नौसय उनान्तीस पैसा अर्सठी) भएको तर आ.व.०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनियोजित रकम ल.ई. रकम भन्दा कम भएकोले ल.ई. बमोजिम नपुग रकम आगामी नगरसभा मार्फत स्रोत सुनिश्चित गर्ने साथै उक्त वडा कार्यालयको प्रशासनिक भवन एकै वर्षमा सम्पन्न हुन नसक्ने देखिएकोले दुवै वडाहरुको भवन निर्माण कार्य बहुवर्षिय रुपमा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.९ झोलुङ्गे पुलहरुको योजना छनौट सम्बन्धमा।**

**निर्णयः** यस नगरपालिकाका विभिन्न निम्नानुसारका वडाहरुबाट माग भई आएका तपसिलका झोलुङ्गे पुलहरुको योजना छनौट गर्ने र सम्बन्धित निकायमा निर्माणको लागि माग गरी पठाउने विनियजित बजेट अनुसारको योजना कार्यान्वयनको लागि लुम्बिनी एकिकृत विकास संस्था (LIDO) संस्थालाई प्राविधिक परामर्शदाता संस्थाको रुपमा छनौट गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | वडा नं. | झोलुङ्गे पुल निर्माण गर्नुपर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | १ र ८ | उत्तमनगर देखि मधुवनधाम गौशाला जोड्ने सडक | |
| २ | ८ र ५ | बालापुर धनेशपुर देखि वडा नं. ५ बैकुण्ठपुर मधौली जोड्ने सडक | |
| ३ | ८ | श्रृङ्गिघाट देखि अर्घाखाँची जिल्लाको पावरा जोड्ने सडक | |

**प्रस्ताव नं. ६.१० माघि महोत्सवको लागि रकम उपलब्ध गराउने।**

**निर्णयः** नगर पालिकाको आ.व.०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम को संस्कृति प्रवर्द्धन शिर्षकमा रहेको रकमबाट हाललाई माघि महोत्सवलाई रु. ३ लाख उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ६.११ भू उपयोग योजना निर्माण सम्बन्धमा।**

**निर्णयः** भू-उपयोग ऐन र नियमावली बमोजिम भूमि वर्गिकरणको काम सम्पन्न भई मापदण्ड र कार्यविधि तर्जुमाको काम सम्पन्न भई सम्बन्धित कार्य सुचारू भएको, जग्गाको नक्शाङ्कनको सम्बन्धमा नापी विभागमा Sattalite Map प्राप्त भई नक्साको काम पनि अगाडी बढेको अवस्थामा भू-उपयोग योजना तर्जुमा गर्ने काम बाँकी रहेकोले सो को लागि कार्यसूची निर्माण गरी उपयुक्त र अनुभवी परामर्शदाता छनौट गरी भू-उपयोग योजना निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६.१२ योजनाको म्याद थप सम्बन्धमा।**

**निर्णयः** आ.व. २०७८।०७९ मा काम सम्पन्न हुन नसकेका योजनाको कार्यपालिकाको निर्णयानुसार २०७९।०८० मा कार्य सम्पन्न गर्ने गरी म्याद थप भएका योजनाहरुको हकमा कार्य सम्पन्न भएको मितिले एक वर्ष एक महिना अर्थात तेह्र महिना अवधीको बैंक परफरमेन्स वण्डको अवधी राखी भुक्तानीको प्रकृया अगाडी बढाउने।

प्रस्ताव नं. ६.१३ विविध

निर्णयहरुः

**१.** हालसम्म यस बाणगङ्गा नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशन गर्नुपर्ने विभिन्न सूचनाहरुको प्रति सूचना रु.१० हजार भुक्तानी गर्दै आएकोमा विभिन्न मिडियाहरुबाट उक्त दर अति न्यून भएको भनि गुनासोहरु आएकोले सोलाई वृद्धि गरी रु.१२ हजार कायम गर्ने निर्णय गरियो।